# सरस्वती सामुदायिक वन उपभोक्ता समूह

क.न.पा. ५, शाखाजोर, सिन्धुली

## गोलिया काठ बोलपत्रद्वारा लिलाम विक्रिको सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२/०९/३०)

यस समूहको स्वीकृत वन कार्य योजना अनुसार यस समूहको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८१/०८२ मा संकलन हुन आएका निम्न जातको काठ हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी कायम भएको न्यूनतम् मूल्यांकन दरमा नघटाई सिलवन्दी बोलपत्रद्वारा लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। मू.अ. करमा दर्ता भएको स्थायी लेखा नम्बर प्राप्त काठको कारोवार गर्ने उद्देश्य राखी दर्ता भएका व्यक्ति फर्म, संस्था वा कम्पनीका व्यवसायिहरुले यो सूचना मध्यान्न दैनिक पत्रिकामा मिति २०८२/०९/३० मा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एकाईस) दिन भित्र बोलपत्र खरिद गरी निम्न रित पुर्‍याई बोलपत्र दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

१. लिलाम हुने वन पैदावारको विवरण

| क्र.स. | लट नं. | जात | ग्रेड | थान | क्यू. फिट | प्रति क्यू. फि. दर | न्यूनतम मूल्य | जम्मा न्यूनतम मूल्य | जम्मा थान | जम्मा क्यू.फि. | घाटगद्दी स्थान | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १ | साल | A | १४ | २३०.०६ | १२५० | २८७,५७५ | ७०४,१३४ | ७४ | ७४९.९६ | संगमचोक | कटानमुछान बापतको रकम प्रति क्य.फिट ३०५ का दरले अलग्गै दाखिला गर्नु पर्ने छ। |
| | | साल | B | ३१ | ३४८.७३ | ९०० | ३१३,८५७ | | | | | |
| | | साल | C | २९ | १७१.१७ | ६०० | १०२,७०२ | | | | | |
| २ | २ | साल | A | ५ | १०१.४९ | १२५० | १२६,८६२.५ | ४००,७७१.५ | ४४ | ४६१.६२ | संगमचोक | कटानमुछान बापतको रकम प्रति क्य.फिट ३०५ का दरले अलग्गै दाखिला गर्नु पर्ने छ। |
| | | साल | B | १८ | १९२.७७ | ९०० | १७३,४९३ | | | | | |
| | | साल | C | २१ | १६७.३६ | ६०० | १००४१६ | | | | | |
| | | अस्ना | A | ११ | २१८.६८ | ४०० | ८७,४७२ | ११४,३७६ | २० | ३१२.६४ | | |
| | | अस्ना | B | ८ | ८७.५४ | ३०० | २६,२६२ | | | | | |
| | | अस्ना | C | १ | ६.४२० | १०० | ६४२ | | | | | |
| ३ | ३ | साल | A | ११ | २०८.३७ | १२५० | २६०,४६२.५ | ५७५,०४८.५ | ६१ | ५८६.१२ | संगमचोक | कटानमुछान बापतको रकम प्रति क्य.फिट ३०५ का दरले अलग्गै दाखिला गर्नु पर्ने छ। |
| | | साल | B | ३२ | २९३.१२ | ९०० | २६३,८०८ | | | | | |
| | | साल | C | १८ | ८४.६३ | ६०० | ५०,७७८ | | | | | |
| | | अस्ना | A | ५ | ८५.५८ | ४०० | ३४,२३२ | ५५,०९४ | १२ | १५५.१२ | | |
| | | अस्ना | B | ७ | ६९.५४ | ३०० | २०,८६२ | | | | | |

२. बोलपत्र फाराम रु. १०००।- तिरी (पछि फिर्ता नहुनेगरी) यस सामुदायिक वन उपभोक्ता समूह, डिभिजन वन कार्यालय, सिन्धुलीबाट मिति २०८२/०९/३० गते देखि २०८२/१०/२० गते सम्मा खरिद गर्न सकिनेछ।

३. बोलपत्र दाखिला गर्नु पर्ने अन्तिम मिति र समय २०८२/१०/२० कार्यालय समय भित्र माथि उल्लेखित २ वटै स्थानमा दाखिला गर्न सकिनेछ।

४. बोलपत्र साथ कवुल गरेको रकमको १०% (प्रतिशत) ले हुन आउने रकम धरौटी वापत यस समूहको रा.वा. वैंक सिन्धुलीमा रहेको हि.नं. १०६०१०००१५४९३००१ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा यस समूहले रा.वा. बैंक सिन्धुलीबाट भुक्तानी पाउने गरी यस समूहको नाममा खिचिएको ड्राफ्ट समावेश गरी पेश गर्नुपर्ने छ। बैंक ग्यारेन्टीलाई मान्यता दिईने छैन।

५. डिभिजन वन कर्यालय सिन्धुलीबाट विक्रि तथा दाखिला भएका बोलपत्रहरु विक्रि गर्ने डिभिजन वन कार्यालय, सिन्धुलीबाट अन्तिम मितिको भोलिपल्ट यस समूहबाट संकलन गरी अन्तिम मितिको तेस्रो दिन यस समूहको कार्यालयमा खोलिनेछ।

६. लिलाम वढावढ हुने वन पैदावार माथि उल्लेखित घाटगद्धि भएको स्थानमा गई हेर्न सकिनेछ।

७. लिलाममा भाग लिन इच्छुक फर्म, संस्था, वा कम्पनी प्रोप्राईटरको फर्मको प्रमाण पत्रको प्रतिलिपि, प्राइभेट फर्मको प्रमाणपत्र (नविकरण भएको) प्रतिलिपि र प्रतिनिधिद्वारा बोलपत्र खरिद गर्ने भए प्रोप्राइटरको ईच्छा पत्र (छाप लागेको) समेत संलग्न राखी बोलपत्र साथ पेश गर्नु पर्नेछ।

CamScanner

८. रित पूर्वक माथि उल्लेखित कार्यालयहरुमा दाखिला हुन आएका बोलपत्रहरु पर्सी पल्ट (तेस्रो दिन) कार्यालय समय भित्र यस समूहको कार्यालय, सम्बन्धित सवडिभिजन वन कार्यालयका प्रतिनिधि र बोलपत्र दर्ता वा निजको आधिकारीक प्रतिनिधिको रोहवरमा खोलिनेछ ।

९. बोलपत्र दाता वा निजको आधिकारीक प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोलिने कार्यमा बाधा पर्ने छैन ।

१०. बोलपत्र केरमेट नगरी अंक र अक्षर दुवैमा भरि पेश गर्नु पर्ने छ । केरमेट भए गरेमा अक्षरमा लेखिएको सकार अंकलाई कायम गरिने छ ।

११. बोलपत्र दाताले बोलपत्र शिलवन्दी गरेको खामको वायाँ तर्फ नाम, ठेगाना लेखि फर्मको छाप समेत लगाई खामको दायां तर्फ अध्यक्षलाई सम्बोधन गरी सकार गर्ने लट नं. समेत उल्लेख गर्नु पर्ने छ ।

१२. म्याद नाघि रित नपुऱ्याई वा शर्त राखी वा अन्य कुनै पनि तरिकाबाट आएको बोलपत्र उपर कारवाही गरिने छैन ।

१३. बोलपत्र खरिद दाखिला र खोलिने दिन विदा पर्न गएमा सो कार्य सो को भोलिपल्ट वा समूहको कार्यालय खुलेको दिनमा हुने छ ।

१४. लिलाम स्वीकृत भएको सूचना यस समूहको सूचना पाटीमा टाँस भएको मितिले १० दिन भित्र सकार गरेको रकम, मूल्य अभिवृद्धि कर, सङ्कलन खर्च समेत बुझाई काठ/वन पैदावार उठाई लैजानु पर्ने छ । म्याद भित्र उक्त रकम दाखिला नगरेमा सम्बन्धित लटको धरौटी जफत गरिने छ ।

१५. बोलपत्र स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस समूहमा सुरक्षित रहने छ ।

१६. विस्तृत जानकारीको लागि समूहको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

CS CamScanner